मितिः २०८२/०५/३१ कार्यपालिका बैठक संख्याः- २

आज मिति २०८२ भाद्र ३१ गते मंगलबारको दिन नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय, सरमथली, रसुवाको अध्यक्ष श्री नुर्बु स्याङ्बो घलेज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायको प्रस्तावहरुमा छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिः-

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नुर्बु स्याङ्बो घले | अध्यक्ष | |
| २ | चन्द्र बहादुर ग्लान | उपाध्यक्ष | |
| ३ | कान्छा तामाङ | वडाध्यक्ष- १ नं. वडा | |
| ४ | डाबु ग्याल्बो थोक्रा | वडाध्यक्ष- २ नं. वडा | |
| ५ | नोकेन्द्र देव तामाङ मोक्तान | वडाध्यक्ष- ३ नं. वडा | |
| ६ | ज्ञानी वाईवा | वडाध्यक्ष- ४ नं. वडा | |
| ७ | श्याम बहादुर थिङ | वडाध्यक्ष- ५ नं. वडा | |
| ८ | यो नुर्पु तामाङ | वडाध्यक्ष- ६ नं. वडा | |
| ९ | सानु कान्छी सुनार | कार्यपालिका सदस्य | |
| १० | कालि माया तामाङ्नी | कार्यपालिका सदस्य | |
| ११ | जोमसाङ तामाङ्नी | कार्यपालिका सदस्य | |
| १२ | अनिता घले | कार्यपालिका सदस्य | |
| १३ | गणेशमान घले | कार्यपालिका सदस्य | |
| १४ | सुमिना नेपाली | कार्यपालिका सदस्य | |
| १५ | सुर्य बहादुर तामाङ | सचिव | |

मितिः २०८२/०५/३१

कार्यपालिका बैठक संख्याः- २

प्रस्तावहरुः-

१. सडक सरसफाई सम्बन्धमा ।
२. करार कर्मचारी म्याद थप सम्बन्धमा ।
३. दररेट स्वीकृत सम्बन्धमा ।
४. मेलमिलापकर्ताको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।
५. जेष्ठ नागरिक संरक्षण तथा परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।
६. नौकुण्ड गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।
७. विविध सम्बन्धमा ।

निर्णयहरुः-

१. यस गाउँपालिका भित्रका सबै वडाहरुमा वर्षायाममा अत्याधिक वर्षा भई अवरुद्ध सडक बाटोहरुको सरसफाई गरी सञ्चालन गर्नको लागि प्राविधिक नापजाँच र लागत अनुमान तयार गरी विपद व्यवस्थापन शीर्षकबाट इन्धन खर्च व्यहोर्ने गरी वडा नं. २, ३, ५ र ६ गाउँपालिकाको जेसिबीको प्रयोग गर्ने, ४ नं वडा कार्यालय अन्तर्गतको सडकहरु उपभोक्ता समिति मार्फत गर्ने र जेसिबीले नसकिने १ नं वडा तथा ठाउँहरुमा वडा कार्यालयमा विनियोजित वजेटबाट खर्च व्यहोर्ने गरी कोटेशन मार्फत कार्य गर्ने निर्णय गरियो ।

२. नौकुण्ड गाउँपालिका अन्तर्गत तपसिल बमोजिमका पहिरोहरु कोटेशन मार्फत कार्य गर्ने निर्णय गरियो।
तपसिलः
    १. पारच्याङ बिरुखा पहिरो मर्मत वडा नं ३
    २. घिचेत चिलाउने गाउँ पहिरो वडा नं. ३
    ३. घट्टेखोला पहिरो मर्मत वडा नं ६
    ४. घोर्मु पहिरो मर्मत वडा नं ६

३. आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, धुन्चे, रसुवाको प.सं. २०८२/०८३, च.नं. ०१ र मिति २०८२/०४/०४ को पत्रानुसार यस गाउँपालिकामा हस्तान्तरण भई आएको नागरिक आरोग्य सेवा केन्द्रमा कार्यरत देहाय बमोजिमका कर्मचारीहरुको २०८२ साउन १ गते देखि लागु हुने गरी करार म्याद थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | पद | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | वैद्य | रामहरी पौडेल | कालिका-४, रसुवा | संघीय सशर्त स्वास्थ्य कार्यक्रम |
| २. | का.स. | सुब्बा घले | नौकुण्ड-३, रसुवा | |
| ३. | का.स. | रजनी नेगी | नौकुण्ड-३, रसुवा | गाउँपालिका स्वास्थ्य कार्यक्रम |

४. यस गाउँपालिका अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको कार्यन्वयन गर्नको लागि लागत अनुमान तयार गर्दा रसुवा र नुवाकोट जिल्लाका जिल्ला दररेटहरुलाई र सम्बन्धित मन्त्रालय तथा विभागले स्वीकृत गरेको नर्म्सलाई आधार मान्ने निर्णय गरियो ।

मितिः २०८२/०५/३१ | कार्यपालिका बैठक संख्या:- २

५. नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको अधिकारको सूचीमा रहेको मेलमिलाप र मध्यस्थता सम्बन्धी व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ बमोजिम गठन हुने न्यायिक समितिले सोही ऐनमा उल्लेख गरिएका विवाद मेलमिलापको माध्यमबाट समाधान गर्ने कार्यमा सहयोग गर्न मेलमिलापकर्ताको सेवा सुविधा सम्बन्धी कार्यविधि बनाउन वाञ्छनीय भएकोले,नौकुण्ड गाउँपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ दफा१३ ले दिएको अधिकार प्रयोग गरी यो मेलमिलापकर्ताको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२ सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो।

६. ज्येष्ठ नागरिकलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एंव सुविधाको उचित व्यवस्था गरी नेपालको संविधानको अनुसूची-८ को क्र. सं. १६ बमोजिमको कार्य गर्न नौकुण्ड गाउँपालकाको ज्येष्ठ नागरिक संरक्षण तथा परिचय पत्र वितरण कार्यविधि, २०८२ सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो।

७. नौकुण्ड गाउँपालिकाको भूगोल, जनजीवन, ऐतिहासिक, प्राकृतिक, आर्थिक, सामाजिक एवं अन्य विशिष्ट पहिचान गराई प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउन वाञ्छनीय भएकोले, नौकुण्ड गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५ को दफा ३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नौकुण्ड गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी कार्यविधि, २०८२ सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो।

८. नौकुण्ड गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी कार्यविधि, २०८२ अनुसार नौकुण्ड गाउँपालिकाको भूगोल, जनजीवन, ऐतिहासिक, प्राकृतिक, आर्थिक, सामाजिक एवं अन्य विशिष्ट पहिचान गराई प्रतिक चिन्ह (लोगो) निर्माण गर्ने र छनोट समित मार्फत छनोटमा परेका उत्कृष्ट प्रतिक चिन्ह (लोगो) निर्माण गर्ने व्यक्ति तथा फर्मलाई प्रमाणपत्र सहित २०,०००/- (अक्षरुपी बीस हजार मात्र) नगद पुरस्कार दिई सम्मान गर्ने निर्णय गरियो।

९. यस गाउँपालिकामा कार्यरत शिक्षा अधिकृत (अधिकृतस्तर सातौं) श्री राजेन्द्र सिंह साहु (क.सं.नं. २४०१९६) लाई स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ३० अनुसार मिति २०८२/०४/०१ गते देखि लागु हुने गरी देहाय बमोजिम तह वृद्धि गर्ने निर्णय गरियो ।

| हालको तह | तह वृद्धि हुने तह |
|---|---|
| तहः अधिकृतस्तर सातौं<br>पदः विद्यालय निरीक्षक<br>सेवाः स्थानीय शिक्षा सेवा<br>समूहः जनरल एजुकेशन | तहः अधिकृतस्तर आठौं<br>पदः वरिष्ठ विद्यालय निरीक्षक<br>सेवाः स्थानीय शिक्षा सेवा<br>समूहः जनरल एजुकेशन |

१०. यस गाउँपालिका अन्तर्गत कार्यरत तपसिल बमोजिमका केन्द्रहरुका सहजकर्ताहरुको आ.व. २०८२।०८३ को लागि करार म्याद थप गरी पुनः सोहि स्थानमा कामकाज गर्ने गरि करार म्याद थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

तपसिल:-

ति: २०८२/०५/३१ कार्यपालिका बैठक संख्या:- २

| क्र.सं. | सामुदायिक सिकाई केन्द्रको नाम | सहजकर्ताको नाम | हाल कार्यरत कार्यालय | मासिक तलब | गा.पा.बाट थप मासिक | पोशाक खर्च वार्षिक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | भोर्ले सामुदायिक सिकाई केन्द्र | भगवती गजुरेल | ज्वालामुखी आ.वि. | दश हजार रुपैयाँ मात्र | सात हजार रुपैयाँ मात्र | पाँच हजार रुपैयाँ मात्र | |
| २ | सरमथली सामुदायिक सिकाई केन्द्र | दिक्षा भट्ट | नौकुण्ड गाउँपालिका | दश हजार रुपैयाँ मात्र | चौध हजार रुपैयाँ मात्र | पाँच हजार रुपैयाँ मात्र | कामकाज |
| ३ | गणेश भूमे सामुदायिक सिकाई केन्द्र | चेन्जेन नेकोर | नवजीवन आ.वि. | दश हजार रुपैयाँ मात्र | सात हजार रुपैयाँ मात्र | पाँच हजार रुपैयाँ मात्र | |

११. यस पालिका अन्तर्गत विद्यालयहरुमा आ.ब. २०८२/०८३ मा तपसिल बमोजिम सुविधाहरु निरन्तरता दिने निर्णय गरियो ।

तपसिलः-

| क्र.सं. | सेवा सुविधा शीर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | बालविकास, विद्यालय सहयोगी र विद्यालय सहायकको लागि तलव तथा सुविधा | सात हजार रुपैया मात्र (मासिक) | |
| २ | महंगी भत्ता (सङ्घीय र प्रदेश अनुदान शिक्षक) | पाँच हजार-रुपैया मात्र (मासिक) | |
| ३ | पोशाक खर्च (सङ्घीय र प्रदेश अनुदान शिक्षक) | पन्ध्र हजार रुपैया मात्र (मासिक) | |

१२. नौकुण्ड गाउँपालिकामा शान्ति सुरक्षा प्रदान गर्नकोलागि इलाका प्रहरी कार्यालय कालिकास्थान, पारच्याङ प्रहरी चौकी र यार्सा प्रहरी चौकी रहेको छ । उक्त प्रहरी चौकीहरुबाट नौकुण्ड गाउँपालिका अन्तर्गतको नागरिकहरुको शान्ती सुरक्षा कायम गर्न, विपद व्यवस्थापन र मुचुल्का तयार लगायत विविध कार्यको लागि फिल्डमा खटिनु पर्ने भएकाले नौकुण्ड गाउँपालिकाबाट उक्त प्रहरी चौकीहरुलाई मासिक २० लिटर इन्धन (पेट्रोल/डिजेल) र दशै विशेष पूजा कार्यक्रमको लागि पारच्याङ प्रहरी चौकी र यार्सा प्रहरी चौकी रु.१००००/- (अक्षरुपी दश हजार) दरले विविध खर्च शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१३. प्रयोगशालामा कार्यरत कर्मचारीहरुलाई जोखिम भत्ता व्यवस्थापन निर्देशिका, २०७२ को दफा ५(क) बमोजिम नोकुण्ड गाउँपालिका ३ पारच्याङमा अवस्थित पारच्याङ स्वास्थ्य चौकीमा ल्याब असिष्टेण्ट पदमा कार्यरत कर्मचारीलाई नौकुण्ड गाउँपालिका अन्य भत्ता (खर्च शीर्षक नं. २११३९) बाट खर्च

ब्यहोर्ने गरी शूरु तलब स्केलको २५ प्रतिशतले हुन आउने रकम जोखिम भत्ता वापत उपलब्ध गराउने निर्णय गरियो ।

१४. प्रदेश तथा स्थानीय शासन सवलिकरण कार्यक्रम (PLGSP) अन्तर्गत कार्यक्रम समन्वय इकाईको च.नं. २४२ मिति २०८१/११/२३ गतेको पत्रानुसार सूचना प्रविधि अधिकृतलाई सम्बन्धित स्थानीय तहले अन्य कर्मचारी रा.प. तृतीय श्रेणी वा प्रदेश तथा स्थानीय तहको नियमानुसार अधिकृत सरह चाडपर्व भत्ता र पोशाक भत्ता, स्थानीय भत्ता, महंगी भत्ता र अन्य सेवा सुविधा प्रचलित कानून र नियमानुसार उपलब्ध गराउने सकिने व्यवस्था रहेकोले नौकुण्ड गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतलाई नियमानुसार उक्त सेवा सुविधाहरु उपलब्ध गराउने निर्णय गरियो ।

१५. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ३३८ (प) मिति २०८२/०३/३० को पत्रानुसार सेवा इकाइमा कार्यरत जनशक्तिलाई उल्लिखित सुविधाको अतिरिक्त थप सुविधा (स्थानीय भत्ता/ महंगी भत्ता लगायत) को व्यवस्था रहेकोले नौकुण्ड गाउँपालिकामा कार्यरत एम.आई.एस.अपरेटर र फिल्ड सहायकलाई नियमानुसार उक्त सेवा सुविधाहरु उपलब्ध गराउने निर्णय गरियो ।

१६. रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ दफा १८ (३) र स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ दफा १३ (३) बमोजिम स्थानीय तहले थप सुविधा प्रदान गर्न सकिने व्यवस्था रहेकोले नौकुण्ड गाउँपालिकामा कार्यरत रोजगार संयोजक, प्राविधिक सहायक र रोजगार सहायक पदमा कार्यरत कर्मचारीलाई थप सुविधा वापत नियमानुसार महंगी भत्ता उपलब्ध गर्ने निर्णय गरियो ।

१७. आ.ब. २०८१/०८२ मा सडक बोर्ड नेपाल र यस गाउँपालिकाको साझेदारीमा सञ्चालनमा रहेको फलाखु खोला देखि भोर्ले बजार सम्म सडक स्तरोन्नतीको प्राविधिक प्रतिवेदन अनुसार कार्य सम्पन्न भएतापनि सडक बोर्ड साझेदारी रकम निकासा बाँकी रहेकोले भुक्तानी दिन बाँकी रकम रु. १२,७३, ३८३/- फलाखु खोला देखि भोर्ले बजार सम्म सडक स्तरोन्नती उपभोक्ता समिति नौकुण्ड ५ लाई भुक्तानी दिने निर्णय गरियो ।

१८. नौकूण्ड गाउँपालिका वडा नं ५ निवासी श्रीमती गंगामाया तामाङलाई मिति २०८२/०३/२७ गते देखि मुटुमा समस्या भई गंगालाल अस्पतालमा उपचार गरिरहनुभएको र निजको आर्थिक अवस्था अत्यन्तै कमजोर भएकोले निजलाई २५०००/- (अक्षरुपी पच्चीस हजार मात्र) र नौकुण्ड वडा नं १ निवासी श्री कर्म याल घले दुर्घटना भई उपचाररत रहेकोले निजलाई रु. २००००/- (अक्षरुपी बीस हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

१९. आ.ब. २०८२/०८३ स्वास्थ्य कार्यक्रम अन्तर्गत ल्याब परीक्षण गर्नको लागि विविध खर्च शीर्षकबाट खर्च ब्यहोर्ने गरी रु. ५००००/- बराबरको आवश्यक ल्याब सामाग्रीहरु खरिद गर्ने निर्णय गरियो ।

२०. कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय हेटौडा मकवानपुरको मिति २०८२/०५/०६ गते प्रकाशित सूचना अनुसार समुदायमा आधरित एक वडा एक कृषि उत्पादन कार्यक्रममा सहभागीताको लागि यस नौकुण्ड गाउँपालिकामा वडा नं. १ मा पशुजन्य वस्तुतर्फ चौरी पालन सबैभन्दा उपयुक्त रहेको उक्त कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाको समन्वय सहकार्य हुने भनि निर्णय गरियो।

CamScanner

मितिः २०८२/०५/३१ कार्यपालिका बैठक संख्याः- २

२१. घ्याङ खानेपानी मर्मतको लागी आवश्यक पर्ने खानेपानी पाईप सम्बन्धित प्राविधिक कर्मचारीको लागत इस्टमेट बमोजिमका सामाग्री खरिद गरि मर्मत कार्य सम्पन्न गर्ने निर्णय गरियो।

CamScanner